☎ ०७१-५६०२३०

# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

प.सं. ०७६/०७७/प्रशासन
च.नं. १२५८.

२०७६/०८/०३ गते

विषय: आयोजना पहिचान गरी सिफारिस सहित पठाउने बारे।

श्री वडा कार्यालयहरू सबै (वडा नं. १ देखि १७)
तिलोत्तमा नगरपालिका, रूपन्देही।

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को च. नं. ६४, मिति २०७६/०७/२६ गतेको पत्र अनुसार कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन को लागि आयोजना प्रस्ताव माग भएको हुँदा तहाँ वडा भित्र सुचिकृत बेरोजगार व्यक्तिहरूलाइ १०० दिनको न्यूनतम रोजगारी प्रदान गर्न कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा (६) बमोजिम वडा समिति द्वारा आयोजनाहरू छनौट गरी नगरपालिकाले तोकेका प्राविधिक कर्मचारीको समन्वयमा दफा (७) अनुसारको अनुमानित लागत सहित सोहि कार्यविधिको अनुसूची १ बमोजिमको फारम भरी सिफारिस सहित यस नगरपालिकाको रोजगार सेवा केन्द्रमा २०७६/०८/१५ गते कार्यालय समय भित्र उपलव्ध गराइदिनुहुन अनुरोध छ।

*(नोटः कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७६, तहाँ वडाभित्रका सुचिकृत बरोजगार व्यक्तिको संख्या, आयोजना सञ्चालनका क्षेत्र र आयोजना छनौट प्रकृया यसै पत्रसाथ संलग्न छ। कृपया Attached document हेर्नुहोला)*

<u>सम्पर्क व्यक्ति</u>
देवेन्द्र ज्ञवाली
रोजगार संयोजक
सम्पर्क नं. ९८४७११५३९६

माधव प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल, फोन नं. ०७१-५६०२३०, फ्याक्स ०७१-५६१२३०
इ-मेलः **tilottamamun@gmail.com**, वेभसाइटः **www.tilottamamun.gov.np**

# सुचिकृत बेरोजगार व्यक्तिहरूको संख्या

## तिलोत्तमा नगरपालिका, रूपन्देही

| वडा नं. | सुचिकृत बेरोजगार व्यक्तिहरूको संख्या |
|---|---|
| १ | १३१ |
| २ | ८४ |
| ३ | १९ |
| ४ | ५३ |
| ५ | ६७ |
| ६ | ३२ |
| ७ | ३९ |
| ८ | १८ |
| ९ | १४ |
| १० | ३५ |
| ११ | १७२ |
| १२ | १६ |
| १३ | ७ |
| १४ | २५ |
| १५ | ६ |
| १६ | १७ |
| १७ | ३३ |
| जम्मा | ७६८ |

माधव प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

# आयोजना सञ्चालनका क्षेत्र

यस कार्यविधि अनुरुप सञ्चालन हुने आयोजना छनौट गर्दा देहायका क्षेत्रहरुभित्र पर्ने आयोजना मात्र छनौट गर्नु पर्नेछ:

**(क) सडक निर्माण तथा मर्मत सम्भार :-**

- स्थानीय तहभित्रका बस्ती, स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र तथा पर्यटकीय स्थल जोड्ने सडक निर्माण तथा मर्मत सम्भार
- राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाउँ वा नगर जोड्ने सडकको निर्माण तथा मर्मत सम्भार

**(ख) कृषि तथा सिंचाई :-**

- सिंचाईका लागि कुलो तथा पैनीको निर्माण तथा मर्मत सम्भार
- पोखरी तथा पानीको मूल संरक्षण एवं मर्मत सम्भार
- कृषि तथा पशुपन्छीजन्य उत्पादनको भण्डारण तथा विक्री वितरणका लागि आवश्यक पर्ने भण्डार गृह, शीत भण्डार, हाट बजार र तरकारी तथा फलफुल संकलन तथा विक्री केन्द्रको निर्माण तथा मर्मत सम्भार

**(ग) ग्रामीण खानेपानी :-**

- खानेपानी आयोजनाहरुको निर्माण, पाईपलाइन विस्तार तथा मर्मत सम्भार

**(घ) स्वास्थ्य तथा सरसरफाई :-**

- सरकारी अस्पताल, स्वास्थ्य चौकी/केन्द्र र प्रसुति गृह निर्माण तथा मर्मत सम्भार
- सार्वजनिक शौचालय निर्माण तथा मर्मत सम्भार
- फोहोर व्यवस्थापनका पूर्वाधारहरुको निर्माण तथा मर्मत सम्भार

**(ङ) शिक्षा :-**

- सरकारी विद्यालय भवन, सार्वजनिक पुस्तकालय तथा विद्यालय परिसरमा शौचालय, खाने पानीको धारा, खेल मैदान र कम्पाउण्ड पर्खाल निर्माण तथा मर्मत सम्भार

**(च) वन तथा जलाधार :-**

- फलफूलको विरुवा रोपण, वृक्षारोपण तथा वन जङ्गल संरक्षण
- पहिरो तथा नदी नियन्त्रण
- साना बाँध निर्माण

**(छ) पर्यटन :-**

- पदमार्ग निर्माण तथा मर्मत सम्भार
- पदमार्ग तथा पर्यटकीय क्षेत्रमा सेड, विश्राम स्थल तथा चौतारो निर्माण तथा संरक्षण
- उच्च महत्वका प्रसिद्ध पर्यटकीय स्थलको मर्मत सम्भार तथा संरक्षण

माधव प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

# आयोजना छनौट प्रकृया

१. तिलोत्तमा नगरपालिकाको वार्षिक निति तथा कार्यक्रममा समावेश भएको सुचिवाट आयोजना छनौट गर्दा रु. २५ लाख भन्दा बढि नहुने गरी छनौट गर्नु पर्नेछ ।

२. वार्षिक निति तथा कार्यक्रममा समावेश भएका आयोजनाहरु उपलब्ध नभएमा वा उपलब्ध आयोजना तहाँ वडाभित्र सूचिकृत सबै बेरोजगार व्यक्तिलाई एकसय दिनको न्यूनतम रोजगारी उपलब्ध गराउन पर्याप्त नभएको अवस्थामा वडा समिति मार्फत एउटा आयोजनाको लागत रु. १० लाख भन्दा बढी नहुने गरी माथि उल्लेखित क्षेत्रभित्र पर्ने आयोजनाहरु पहिचान गरी वडा सिफारिस सहित पठाउनु पर्नेछ ।

वडा समितिले देहायका प्रकृतिका आयोजना पहिचान गरी सिफारिस गर्नु पर्नेछः

(क) गरिबी तथा जोखिममा रहेका विपन्न समुदाय र सीमान्तकृत वर्गलाई प्रत्यक्ष रुपमा लाभ दिने,

(ख) उच्च तथा दीगो आर्थिक प्रतिफल प्राप्त हुने किसिमका भौतिक पूर्वाधार निर्माण हुने,

(ग) बढी भन्दा बढी जनसंख्यालाई लाभ पुग्ने,

(घ) स्थानीय समुदायको सामाजिक र आर्थिक उन्नतिमा प्रत्यक्ष सहयोग पुग्ने, र

(ङ) वातावरण संरक्षण र विपद व्यवस्थापन गर्न योगदान पुऱ्याउने ।

*(नोट : कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालनको लागि कुनै वडामा बेरोजगार संख्या कम र कुनै वडामा बढि भएमा नजिकको वडा संग समन्वय गरि आयोजना छनौट गर्न सकिनेछ, विस्त्रित विवरण कार्यविधिमा उल्लेख छ, कृपया Attached document हेर्नुहोला)*

माधव प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत